# धन्यवाद

वातावरणीय न्याय तथा समन्याय एक महत्वपूर्ण र व्यवहारिक अवधारणा भए पनि यससम्बन्धी नेपाली भाषामा लेखिएका र नेपालको परिप्रेक्ष्यलाई विश्लेषण गर्ने पाठ्यसामग्रीहरूको अभाव छ । वातावरण संरक्षणलाई दिगो बनाउन र प्राकृतिक स्रोतमा सीधा भर पर्ने वर्ग/समूह/क्षेत्र र त्यसमा पनि कमजोर तथा पीडित समूहको जीविकोपार्जन र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न यो अवधारणाले महत्वपूर्ण भूमिका खेल्छ । तर यससम्बन्धी सामग्रीहरू उस्तो नभएका, भएका सामग्री पनि छरिएर रहेकाले तिनमा धेरैको पहुँच नपुग्दा यस अवधारणाले व्यापकता पाउन सकेको छैन । सोही अभावलाई केही हदसम्म भए पनि पूर्ति गर्ने उद्देश्यले यो सङ्ग्रह तयार गरिएको हो ।

यहाँ समावेश कतिपय लेख मार्टिन चौतारीको 'वातावरणीय न्याय तथा समन्यायको अनुसन्धान र पैरवी' कार्यक्रमलाई प्रभावकारी बनाउन लेखिएका थिए । यी लेखहरू बितेका दुई वर्षमा सम्पन्न विभिन्न सेमिनार/ गोष्ठीमा पेश भएका थिए । गोष्ठीबाट प्राप्त सुझाव र त्यहाँ भएका छलफलका आधारमा ती लेखलाई पुनर्लेखन गरी पुस्तकमा समावेश गरिएको छ । केही लेखहरू सम्बन्धित विषयका अनुसन्धाताहरूलाई लेख्न लगाइएको हो । यसबाहेक केही वर्षयता पत्रपत्रिकामा प्रकाशित लेखहरू–जुन वातावरणीय न्यायको उदाहरण वा 'केस स्टडिज'को रूपमा उपयुक्त देखिए–लाई पनि समावेश गरिएको छ ।

यो पुस्तक तयार गर्ने क्रममा मार्टिन चौतारीका सम्पूर्ण साथीहरूले सहयोग पुऱ्याउनु भएको छ । पुस्तकमा चासो देखाई बेला बेलामा घच्घच्याएर र सल्लाह दिएर सहयोग गर्ने प्रत्यूष वन्त, भाषा सम्पादनमा सहयोग गर्ने रमेश पराजुली लगायत शेखर पराजुली, भास्कर गौतमलाई धन्यवाद दिन चाहन्छौँ । आवरण तस्वीरको लागि उषा तितिक्षु तथा टाइपिङ र ले-आउटमा सहयोग गर्ने कैलाश राई र किशोर प्रधान पनि धन्यवादका पात्र हुनुहुन्छ ।

मार्टिन चौतारीको 'वातावरणीय न्याय तथा समन्यायको अनुसन्धान र पैरवी' कार्यक्रमअन्तर्गत यो पुस्तक तयार गरिएको हो। कार्यक्रमलाई फोर्ड फाउण्डेशन (The Ford Foundation) नयाँ दिल्लीले आर्थिक सहयोग पुऱ्याएको छ । फोर्ड फाउण्डेशन र यसका कार्यक्रम अधिकृत नारायण बेल्बासेलाई पनि हाम्रो धन्यवाद ।

जगन्नाथ अधिकारी
शरद घिमिरे

blurb

प्राकृतिक स्रोत तथा वातावरणको दिगो संरक्षण गर्न तथा यसमा प्रत्यक्ष निर्भर व्यक्ति/समूहको जीविकोपार्जन सुरक्षा सुनिश्चित गर्न सामाजिक न्यायअनुसार यी स्रोतको फाइदाको वितरण, सहभागितात्मक निर्णय प्रकृया तथा प्रदूषणको समानुपातिक वितरण हुनु आवश्यक छ। वातावरणीय न्यायले गरिब, पीडित तथा कमजोर वर्ग/क्षेत्र/समूहको वातावरण र प्राकृतिक स्रोतमाथिको अधिकार संरक्षण गर्न मद्दत गर्छ।

वातावरणीय न्याय तथा समन्यायको क्षेत्र व्यवहारिक रूपमा महत्वपूर्ण र विस्तारित भए पनि नेपालका स्कूल, कलेज तथा विश्वविद्यालयमा वातावरणीय न्याय अध्यापन नहुने भएकाले यससम्बन्धी जनशक्ति र पाठ्यसामग्रीको अभाव छ। साधारण विद्यार्थीको पनि पहुँच हुने, नेपाली भाषामा लेखिएका र नेपाली परिप्रेक्ष्यलाई विश्लेषण गरिएका पाठ्यसमाग्रीको कमीले गर्दा पनि वातावरणीय न्याय तथा समन्यायसम्बन्धी पठन-पाठन शुरु गर्न कठिनाइ देखिएको छ। नीति-निर्माता तथा वातावरणसम्बन्धी सार्वजनिक चासोका मुद्दाहरूसँग संलग्न कानून व्यवसायीहरू, वातावरणविद्, कार्यक्रम सञ्चालनकर्ता र जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने कर्मचारी/कार्यकर्ताहरूलाई वातावरणीय न्याय तथा समन्यायसम्बन्धी स्रोतसामग्रीको अत्यन्तै अभाव देखिएको छ। यो पुस्तकले त्यो अभाव पूर्ति गर्ने विश्वास लिइएको छ।

दश खण्डमा विभाजित यस पुस्तकको प्रत्येक खण्डमा नेपालको परिप्रेक्ष्यमा महत्वपूर्ण ठानिएका वातावरणीय न्याय तथा समन्यायका प्रमुख सवालसम्बन्धी सैद्धान्तिक पक्षलाई उजिल्याउने लेख, अनुसन्धानमूलक लेखका साथै उदाहरण प्रस्तुत गर्ने लेख समावेश छन्।

**जगन्नाथ अधिकारी**ले मानव-भूगोलमा विद्यावारिधि गर्नुभएको छ। नेपालको प्राकृतिक स्रोत, कृषि, ग्रामीण अर्थतन्त्र, खाद्यसुरक्षा तथा शहरीकरणसम्बन्धी उहाँले अध्ययन, अनुसन्धान गर्नुभएको छ। उहाँका करिब एक दर्जन पुस्तक र प्रशस्त लेखहरू प्रकाशित छन्। हाल उहाँ मार्टिन चौतारीको वातावरणीय न्याय तथा समन्याय कार्यक्रमको संयोजक हुनुहुन्छ।

**शरद घिमिरे**ले वनस्पति शास्त्रमा स्नातकोत्तर गर्नु भएको छ। वातावरण संरक्षण-सम्बन्धी अनुसन्धान गर्नु भएका घिमिरेको सह-सम्पादनमा वातावरणीय न्यायसम्बन्धी दुईवटा पुस्तक प्रकाशित छन्।